# तमानखोला गाउँपालिकाको स्थानीय विदा सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना** :

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र तमानखोला गाउँपालिकाको कार्य सम्पादन नियमावली वमोजिमको यस गाउँपालिकाको विभिन्न जातीय समुदायहरुको चाडपर्व, परम्परा र संस्कृतीहरु मनाउनको लागि गाउँपालिका अन्तर्गतका सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजनिक संस्थाहरुमा स्थानीय सार्वजनिक विदा दिन वाञ्छनिय भएकोले तमानखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "तमानखोला गाउँपालिकाको स्थानीय विदा सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यापालिकाको बैठकबाट स्वीकृत भएपछि तुरुन्त कार्यान्वयन हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "कार्यविधि" भन्नाले तमानखोला गाउँपालिकाको स्थानीय विदा सम्बन्धी कार्यविधी, २०८१ सम्झनु पर्दछ ।

(ख) "चाडपर्व" भन्नाले स्थानीय रुपमा मनाउने विभिन्न जातीहरुको चाडपर्वलाइ सम्झनु पर्दछ ।

(ग) "परम्परा र संस्कृती" भन्नाले तमानखोला गाउँपालिकाको नागरिकहरुले मान्ने र सामुहिक रुपमा आस्था राखि अभ्यास गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले तमानखोला गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "गाउँ कार्यपालिका" भन्नाले तमानखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

३. **उद्देश्य** : यो कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) तमानखोला गाउँपालिकाका सबै जाती तथा समुदायहरुको सामुहिक रुपमा मनाउने चाडपर्वको संरक्षण र प्रर्वद्धन गर्ने,

तमानखोला गाउँपालिका

(ख) एक अर्काको परम्परा र संस्कृती प्रति आपसी सम्मान र पारस्परिक सहिष्णुता बढाउने ।

**४ स्थानीय विदाको दिन :** गाउँपालिकाले प्रत्येक वर्ष देहायका दिनहरुमा स्थानीय सार्वजनिक विदा दिनेछ ।

१. जेठ २१ गते (जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस)

२. भाद्र शुक्ल तृतीया तिथि (नेपाली नारीहरुको पर्व हरितालिका तिजको दिन)

३. फागुन २ गते (नेपालको प्रथम शहिद (क्या लखन थापा)को स्मृती दिवस)

४. फागुन १५ गते (मगर एकता दिवस तथा नेपाल मगर संघको स्थापना दिवस)

**५. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(१) यो कार्यविधी कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(२) यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

तमानखोला गाउँपालिका